STUDY JAPAN
६ महिना tuition fees & Hostel
मात्रमा प्रोसेस गर्न सकिने
Intake: October/Jan
✧Free NAT/JLPT classes ✧Pay after visa
✧100% Part Time Job support ✧Full support in Japan
✧+12 & above can apply ✧Scholarship available
✧Translation & Documentation ✧NAT/JLPT not required
✧School & Location of your Choice
✧NAT/JLPT classes are running by language expert
Hurry up limited seat only
NADESHIKO Japanese Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware की)
977-61-522668, 533421,9805877868

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily
वर्ष ५ अंक २७४ श्रेणी 'क' २०७१ असार ३२ गते बुधवार 15 July, 2014 पृष्ठ ४ मूल्य रू. ३/-

5th EPS TOPIK कोरियाको लागि
कोरियन भाषा
✔दक्ष तथा अनुभवी प्रशिक्षक ।
✔EPS-TOPIK परीक्षा सम्बन्धी निःशुल्क परामर्श ।
✔सस्तो तथा भरपर्दो HOSTEL को व्यवस्था ।
✔FREE books with cd
✔Regular class/ Mock test
✔पुष्पा आउनेहरूलाई विशेष छुट ।
Hurry Up!!
PLATFORM INT'L EDUCATION
Prithivi Chowk,Pokhara
Ph: 061-541104

नेपाललाई हराउँदै अध्यक्षमा ओली विजयी

अध्यक्षमा ४४ मतको भिन्नो अन्तर, पदाधिकारीमा दुवै पक्षका सात-सात जना

काठमाडौं ३१ असार ।(गोल्डेन न्यूज संवाददाता)

नेपालको सबैभन्दा ठूलो कम्युनिष्ट पार्टी नेकपा एमालेको नवौं महाधिवेशनबाट अध्यक्षमा नेता केपी शर्मा ओली आफ्ना प्रतिस्पर्धी माधवकुमार नेपालभन्दा ४४ मत बढी ल्याएर विजयी भएका छन् । ओली एमाले संसदीय दलका नेता समेत हुन् । उनले एक हजार ४७ र नेपालले एक हजार तीन मत प्राप्त गरेका छन् । त्यसैगरी उपाध्यक्षमा भीम बहादुर रावल एक हजार एक सय ४३, वामदेव गौतम एक हजार एक सय २४, विद्यादेवी भण्डारी एक हजार एक सय, युवराज ज्ञवाली एक हजार ६२ र अष्टलक्ष्मी शाक्य एक हजार ४७ मत ल्याएर विजयी भएकी छन् । उपाध्यक्षका प्रतिस्पर्धी राजेन्द्रप्रसाद पाण्डे एक हजार ३१, प्रदीप नेपाल एकहजार आठ, लालबाबु पण्डित नौ सय ९८, किरण गुरुङ नौ सय ९५ र धर्मनाथप्रसाद साह नौ सय २३ मत प्राप्त गरेर पराजित भएका छन् ।

त्यस्तै महासचिवका उम्मेदवार ईश्वर पोखरेल एक हजार ३६ मत ल्याएर विजयी भएका छन् । उनका निकटम प्रतिद्वन्द्वी सुरेन्द्रप्रसाद पाण्डेले एक हजार ३० ल्याएका थिए । उपमहासचिवमा घनश्याम भुसाल एक हजार ९७ र विष्णुप्रसाद पौडेल एक हजार ८२ मत ल्याई विजयी भएका छन् । सो पदका प्रतिस्पर्धी शङ्कर पोखरेल एक हजार ३७ र रघुजी पन्त ९६९ मत प्राप्त गरी पराजित भएका छन् । सचिवका उम्मेदवारमा गोकर्णराज विष्ट एक हजार दुई सय ७०, प्रदीपकुमार ज्ञवाली एक हजार एक सय ५५, योगेश भट्टराई एक हजार ८५, भीमप्रसाद आचार्य एक हजार ३५ र पृथ्वी सुब्बा गुरुङ एक हजार २९ मत ल्याएर विजयी भएका छन् । सो पदका अन्य प्रतिस्पर्धी परशुराम मेघी गुरुङ एक हजार १५, विष्णु रिमाल र वेदुराम भुसाल नौ सय ९७ (बराबर), रघुवीर महासेठ नौ सय २८ र केशवलाल श्रेष्ठ नौ सय २२ मत ल्याएर पराजित भएका छन् । चौथे पदाधिकारीमा अध्यक्ष ओली र प्रतिस्पर्धी नेपालका दुवै पक्षमा सात-सात जना छन् । पार्टी निर्वाचन आयोगले औपचारिक रुपमा घोषणा भने गर्न बाँकी रहेको र अहिले केन्द्रीय सदस्यको मत गणना भइरहेको एमाले प्रचार तथा प्रकाशन विभाग प्रमुख प्रदीपकुमार ज्ञवालीले जानकारी दिए । यसैबीच एमालेका नवनिर्वाचित अध्यक्ष केपी शर्मा ओलीले आफ्नो ध्यान प्रधानमन्त्री पदमा नरहेको स्पष्ट पारेका छन् । निर्वाचित अर्घलगत्ती कार्नतपुर टेलिभिजनलाई दिएको अन्तर्वार्तामा ओलीले तत्काल सरकार फेरबदल हुने सम्भावना पनि नरहेको बताए । 'सरकार फेरबद तत्काले हुनेछैन । अलि पछि भनेको, सरकार भनेकै फेरबदल भइरहने हो । स्थायी सरकार भनेको त तानाशाही हुन्छ"उनले भने, 'मेरो ध्यान प्रधानमन्त्री पदको छैन । देश जनताको लागि केही गरौं भन्ने हो ।" ओलीले निर्वाचनपछि आउने परिणाममा आफू जानकार रहेको उल्लेख गर्दै सहमतिमा नेतृत्व छ्रानौं भन्दा (माधवकुमार नेपाल) नमानेकाले चुनावै गर्नुपरेको बताए । 'यही परिणाम हुन्छ भनेर यसरी (सहमतिमा) जाउँ भनेर भनेको थिएँ । जस्तो मिश्रित टिम आएको छ, त्यसो गरौं भनेको थिएँ," उनले भने, 'लडेर समाप्ती पार्ने कुरा भयो । जे होस् निर्वाचन सकिएपछि निर्वाचनको समयका भएका प्रयास अब गरिरहनुपरेन । एमाले फेरि एकजुट एक ढिक्का भएको छ ।" चुनावअगाडि अनुचित अवाञ्छित काम भए पनि अब पार्टी एक भएर अघि बढ्ने बताए । ओलीले निर्वाचनमा पराजित नेता नेपालले आफूलाई फोनमा बधाई दिएको बताए । उनले नेपालसंग आफ्नो सम्बन्ध 'कहिल्यै नराम्रो नभएको, अब पनि राम्रो नै हुने" बताए ।

के.पी.शर्मा ओलीको राजनीतिक यात्रा

विस्तृत विवरण पृष्ठ २ मा

पार्टी थप बलियो र एकताबद्ध–नेपाल

नेकपा (एमाले)को नवौं राष्ट्रिय महाधिवेशनमा अध्यक्षमा पराजित उम्मेदवार माधवकुमार नेपालले पार्टीका अगाडि उपस्थित कार्यभारलाई पूरा गर्न महाधिवेशनबाट निर्वाचित नयाँ नेतृत्वलाई पूर्ण सफलता मिलोस् भन्ने शुभकामनाका साथ बधाई ज्ञापन गरेका छन् । महाधिवेशनमा भर्खरै सम्पन्न मत परिणाममा नेता नेपालभन्दा ४९ मत बढीले केपी शर्मा ओली अध्यक्षमा निर्वाचित भएका थिए । उनले मंगलवार विज्ञप्ति जारी गर्दै जनताको बहुदलीय जनवादको भावनाअनुरुप उच्च लोकतान्त्रिक अभ्यासका क्रममा देखिएका कतिपय कमजोरी हटाउँदै जान सकेमा पार्टीलाई थप बलियो र एकताबद्ध बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका थिए । नेता नेपालले नेतृत्व चयनका लागि भएको लोकतान्त्रिक अभ्यासअनुरुप भएको मतदानमा सहभागी सम्पूर्ण प्रतिनिधिलाई हार्दिक बधाई तथा धन्यवाद पनि ज्ञापन गरेका छन् । मतदानमा आफू र आफ्नो समूहका पक्षमा मतदान गर्ने सम्पूर्ण प्रतिनिधि तथा विभिन्न क्षेत्रबाट सहयोग गर्ने सम्पूर्ण महानुभावलाई नेता नेपालले धन्यवादसमेत व्यक्त गरेका छन् ।

महाधिवेशनको परिणाम राम्रो–खनाल

एमालेका निवर्तमान अध्यक्ष झलनाथ खनालले नवौं महाधिवेशनको परिणाम राम्रो आएको प्रतिक्रिया दिएका छन् । निर्वाचन परिणाम आएपछि दशरथ रंगशालास्थित कबई हलबाट बाहिरिनेक्रममा संवाददाताहरुसंग खनालले नयाँ परिणामले पार्टी एकता र सुदृढिकरणका लागि सहयोग गर्ने विश्वास व्यक्त गरे । 'राम्रो परिणाम आएको छ"खनालले भने,-'पदाधिकारी को जुन परिणाम आएको छ, राम्रो एकता र सुदृढिकरणलाई सहयोग गर्छ भन्ने मेरो विश्वास छ ।" उनले आम प्रतिनिधिले सुविचारित ढंगले मत प्रयोग गरेको उल्लेख गरे । खनालले महाधिवेशनमा दुई समूहमा बिभाजित पार्टीलाई आफूले एकताबद्ध बनाउन भूमिका खेल्ने बताए । 'निर्वाचन धाँजा फाटेका छन्," उनले भने, 'सबैलाई एक ठाउँमा ल्याउने काम गर्छु । मेरो भूमिका सबैलाई समन्वय गर्ने खालको हुन्छ ।"

बजेटमाथि छलफल शुरु

बजेटले समग्रमा सुधार आउँछ-महत

काठमाडौं ३१ असार ।(रासस)

सरकारले व्यवस्थापिका-संसदमा पेस गरेको बजेटमाथि सत्तारुढ र विपक्षी दलका नेता तथा पूर्वअर्थमन्त्रीले मंगलबार आ-आफ्नो धारणा प्रस्तुत गरेका छन् ।

उनीहरूले बजेटमा भएका राम्रा व्यवस्थाको कार्यान्वयनमा जोड दिँदै सुधार र संशोधन गर्नुपर्ने विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । नेपाली कंग्रेसका कार्यवाहक सभापति रामचन्द्र पौडेलले बजेटले कतिपय राम्रा अभ्यासको प्रारम्भ गर्न खोजेको बताउँदै कार्यान्वयनका क्रममा नीतिगत भष्टाचार अन्त्य गर्नुपर्ने बताए । उनले कर्मचारीको तलब वृद्धि, कृषिमा सरल ब्याज, ग्रामीण स्वास्थ्य चौकीको सुधार, महिला स्वास्थ्य स्वयम्सेविकालाई प्रोत्साहन जस्ता नीति स्वागतयोग्य छ भन्दै पूर्व बजेट छलफल पनि सकारात्मक भएको प्रतिक्रिया दिए । उनले सभासदहरूलाई दिइने निर्वाचन क्षेत्रको बजेटप्रति गरिएको टिप्पणी असान्दर्भिक रहेको पौडेलको धारणा छ । सस्तो बिजुली उत्पादन गर्न सकिएमा मुलुकको अभूतपूर्व विकास हुने सम्भावना रहेको पौडेलले बताए । बजेटले दोस्रो चरणको आर्थिक सुधारको

बाँकी अन्तिम पृष्ठमा.....

हेम्जामा १३ करोडको आलु उत्पादन

पोखरा ३१ असार ।(रासस)

कास्कीको नगरोन्मुख हेम्जा गाविसमा यस वर्ष रु १३ करोड मूल्यको आलु उत्पादन भएको छ । गाविसमा यस वर्ष ११ हजार २०० मेट्रिक टन आलु उत्पादन भएको देखिन्छ । गत वर्षको भन्दा यस वर्ष केही मात्रामा उत्पादन बढी भएपनि कृषकले सधैं एमएस ४२-३ जातको निलो आलु लगाउँदा उत्पादनमा ह्रास हुँदै गएको अगुवा कृषक चित्रनाथ पौडेल बताउँछन् ।

गत वर्ष त्यहाँका कृषकले १० हजार मेट्रिक आलु उत्पादन गरी करिब रु १२ करोड कमाइ गरेका थिए । यस वर्ष कृषकले खुमल लक्ष्मी जातको आलु पनि लगाएकामा त्यसले राम्रो उत्पादन दिएको कृषकको भनाइ छ । कुल खेतीयोग्य जमिनमध्ये ४५० हेक्टर जमिनमा आलुखेती गरिँदै आएको छ । यस गाविसका एक हजार ८५ परिवार व्यावसायिक रूपमा आलुखेती गर्ने गर्दछन् । कृषकले आलुखेतीका लागि चितवन, नवलपरासी, बागलुङ र म्याग्दीबाट बर्सेनि रु पाँच करोड मूल्यको कुखुराको सुली आयात गर्ने गर्दछन् । यहाँका कृषकले आलुबाहेक अन्य तरकारीखेती पनि गर्ने गर्छन् । यहाँका कृषकहरूले तरकारीखेतीबाट मात्रै बर्सेनि रु एक अर्बभन्दा बढी आम्दानी गर्ने गरेको बताइएको छ । काउली, गोलभेँडा, च्याउ, बन्दा, सिमी, काँक्रो, भान्टालगायतका तरकारीखेतीबाट कृषकले मनग्य आम्दानी गर्ने गरेका छन् । यस गाविसमा सिंचाइको राम्रो व्यवस्था भएकाले पनि सबै खेतीपातीको उत्पादन सन्तोषजनक हुने गरेको अर्का कृषक मीनबहादुर थापा बताउनुहुन्छ । कृषकले प्राइगारिक मल प्रयोग गरेर तरकारीखेती गर्ने गरेकले यहाँबाट उत्पादित तरकारी स्वादिलो हुने गर्दछ ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अब अनलाइनमा पनि
Log on : www.goldennews.com.np

शहीद गंगालाल हृदयरोग केन्द्र बाँसबारी
काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ पोखरामा
के तपाई लामो समयदेखि सुगर प्रेसरकै समस्याबाट पीडित हुनुहुन्छ ? कतै तपाईलाई मुटुको समस्या त भएको छैन ? मुटुरोग लागे औषधि नियमित खाइराख्नु भएको भए औषधिको मात्रा त मिलेको छ वा छैन ढुक्क रहन र प्रेसरको औषधि खाएर पनि प्रेसर कन्ट्रोल भएको छैन र जुन मुटु प्रेसर र सुगर रोग लाग्यो त्यही रोगसम्बन्धी विशेषज्ञलाई उपचार गराई ढुक्क रहन वरिष्ठ विशेषज्ञ डा. श्यामराज रेग्मी पोखरा आउँदै हुनुहुन्छ । स्वास्थ्य लाभ लिनुहोला ।
बिरामी जाँच : २०७१ साउन ३ गते शनिबार
समय : बिहान ८ बजेदेखि दिउँसो ३ बजेसम्म
सम्पर्क :
परिचित मेडिकल हल
पालिसेचोक, पोखरा, फोन : ९८४६०४१४९४

रेष्टुरेन्ट विक्रीमा
पोखरा–४, गैह्रापाटनमा अत्यन्त चालु अवस्थामा रहेको क्याफे एण्ड रेष्टुरेन्ट विशेषकारण वश तु-विक्रीमा छ ।
पहिला आउनेलाई विशेष ग्राह्यता
सम्पर्क : ९८४६०३७०८७

Admission Open
In
XI Science & Management
For few seats
Principal
New Galaxy Higher Secondary School
Gyan Marga, Nadipur, Pokhara-3
Phone No:061-520210, 9846045771

Accounting & Banking Training
MATCOSC नै किन ?
वस क्षेत्रमा नै सबैभन्दा पहिलो विगत १२ वर्षदेखि Bank officer, Management Expert तथा Auditor हरबाट Accouting Banking सम्बन्धी १००% Practical Training दिइ Bank, Company, School, Business Firm, NGO आदिमा म्यारेन्टीका साथ Job गर्नका लागि ।
Manual Accounting:
✧Business Accounting
(Hotel, Bank, NGO, School, Company)
✧VAT, Income Tax, Banking
Computrized Accounting:
✧Tally ERP.9, TATA E-X Next, Swastik & FINPRO
Free Admission, Certificate & Training Meterial
Mega Offer for +2, BBA/BBS Student
Contact :
MATCOSC
(Management Training & Consultant Service Centre)
Mahendrapool, pokhara (Tika Bhawan)
Ph. no: 061-540297, 9846384533

जिरो प्वाइन्ट ट्रामल्स एण्ड टुर्स प्रा.लि.
Zero Point Travels & Tour (P.) Ltd.
Specially International Tickting & Domestice Ticket
अन्य सेवाहरू :
Internation & Domestice Hotel Booking
Helicopter Charter
Touriest Bus Ticket and other Travels.
Mr. Chetan Karki
Zero Point Travels & Tours (P.) Ltd.
Nagdhunga, Pokhara-9 Nepal
Phone : +97761-526004, 9856031455, 9846065544
Fax : +97761-526004
Email : zeropointtravels@yahoo.com
Travelzeropoint@gmail.com
Website : www.zeropointtravel.com.np

Study, Work & Live in
NEW ZEALAND
Intake June / Jully 2014
Why Study in New Zealand
- New Visa Policies
- High Visa Success Rate
- High Chances for PR
- IELTS: Not Required*
- Pay Tuition Fees after AIP
- Post Study Work Permit
- Part Time Job Allowed (20 Hrs/Week & FT in Holidays)
Min Req: +2/'A'Level/ GED or eqvl. IELTS: Optional Levels: 5.6.7
Why Royal INTEDU Network ?
- Experienced Team
- One on One Counseling
- NZQA's Colleges
- Part Time Job Search Assistance
- Airport Pick Up Facilities
- Accommodation Arrangements & many more...
ROYAL INTERNATIONAL EDUCATION NETWORK PVT. LTD.
Pokhara office: 2nd Floor, Bafas Mella Complex, Chipledhunga, 061 551041
E: info@royallen.com
W: www.royallen.com
Available Courses
Business, Accounting, Culinary Arts, IT, Computing, Nursing, Pilot Training, Travel & Tourism, Cooking Training, Hotel Management & many more...
Corporate Office: House # 136, Kuleshwor Marga, Suleshwor, Kathmandu, T: 01 401 5555

■ अरुको भनाइ अनुसार सधैं नचल । आफ्नो निर्णयलाई गुरु मान । अरुको बाटोमा हिँड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन । – **सेक्सपियर**

सम्पादकीय . .

समाजवादतर्फ उन्मुख बजेट

कांग्रेस नेतृत्वको सरकाले लामो समयपछि सदनमा बजेट पेश गरेको छ। बजेटलाई लिएर टिकाटिप्पणी हुने क्रम पनि जारी छन्। वामपन्थी सरकारहरुका बजेटवाट वाक्दिक्क भएका जनताले यसपटक केही राहत महशुस हुने अपेक्षा गरेका छन्।

यस अघिका वामपन्थी सरकारले ल्याएका बजेट दीर्घकालीन महत्वको भन्दा पनि खुद्रा र मसिना कुरालाई ध्यानमा राखिएका हुन्थे। त्यसवाट लक्षित वर्गले कहिल्यै उपलब्धि पाउन सकेन। बजेटमा खुद्रा र मसिना विषयले पनि ठाउँ पाउनु पर्छ। तर सस्तो लोकप्रियताका लागि होइन। यस पटकको बजेट 'समाजवाद' तर्फ उन्मुख रहेको टिप्पणी आउन थालेका छन्। बजेटले यदि समाजवादलाई आफ्नो लक्ष्य बनाइ अघि बढ्ने हो भने त्यसले मुलुकलाई दीघकालीन सहयोग मिल्ने छ। यो भावनाका साथ अर्थमन्त्रीले काम गर्नुपर्छ।

हुनत अर्थमन्त्री रामशरण महतले जानेर वा नजानेर के भएर हो यस पटकको बजेट जनतालाई छुनेखालको बनाएका छन्। उनले नचाहँदा नचाहँदै पनि केही विषयले मुलुकलाई धेरै सहयोग गर्ने छ। विश्व बैंकको एजेन्डको आरोप खेप्दै आएका महतले बजेट कार्यान्वयन गरेर 'समाजवाद'लाई लक्ष्यमा पुराउनु अनिर्वाय छ। र उनलाई चुनौति पनि छ। विशेष गरेर कृषक र ठूलालगानीकर्तालाई ध्यान दिइएको यस बजेटले उर्जामा पनि जोड दिएको छ। रोजगारी सृजना, करमा छुट आदि विषय बजेटका राम्रा पक्ष हुन्। सभासदलाई जिविस मार्फत एक करोडको विकास दिने विषय पनि समाजवादकै नमूना हो। सभासदलाई रकम होइन विकास दिनु उचित छ। र राम्रो पनि। उर्जा संकट व्यहोर्दै आएको नेपालले बजेटमा भने अनुसारको काम गरेमा छिट्टै मुलुकले फड्को मार्ने छ। यसलाई सहि नीतिका साथ अगाडि बढाउनु कांग्रेसको दायित्व हो। सबै भन्दा समस्या रहेको प्रशारण लाइन विस्तार र निर्माणमा अर्थमन्त्रीले चलाखीपूर्ण तरिकाले लगानीकर्तालाई छुट दिएर आकर्षित गर्न खोजेका छन्। यो सराहनीय कार्या हो। प्रशारण लाइन बन्न नसक्दा उत्पादन भएको विद्युत् पनि उपभोक्ता समक्ष पुग्न सकेको छैन। पूर्वप्रधानमन्त्री तथा एमाओवादीका नेता डा.बाबुराम भट्टराईले पनि बजेटमा रचनात्मक टिप्पणी गरेका गरेका छन्। उनले बजेटमा केही राम्रा विषय समेटिएको भन्दै समर्थन गरे। तर उनले विपक्षीको धर्म निभाउँदै विरोध पनि गर्न भ्याएका छन्। जे होस् बजेटले स्वर्गीय वीपी कोइरालाको समाजवादलाई पच्छ्याउने प्रयास गरेकोमा सराहना गर्नै पर्छ। कृषि र उदारीकरण बजेटका विशेषता हुन्। अहिले पनि मुलुकलाई कृषिले नै धानेको छ। हाम्रो जस्तो भूपरिवेष्ठित मुलुकमा अहिलेको नयाँ बजेटले राम्रो मार्गदर्शन गर्ने छ।

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल आषाढ ३२ गते बुधबार, तदनुसार जुलाई १५ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामकह संवत्सरह, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। ग्रीष्म ऋतु चल्दै छ। चान्द्रमान अनुसार श्रावणकृष्णपक्ष चलिरहेको छ। शौरमान अनुसार आज श्रावणकृष्णपक्षको चतुर्थी तिथि ५ घटि ५७ पला अर्थात बिहानमा ७ बजेर ३८ मिनेटसम्म त्यसउप्रान्त पञ्चमी तिथि लाग्नेछ। आज सूर्य मिथुन राशिमा रहेको छ भने चन्द्रमा कुम्भ राशिमा अहोरात्र रहनेछ। आज दिनमान ३४ घटि ७० पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर १९ मिनेटमा तुष्देव मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ६ बजेर ५९ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : टाढाबाट धन प्राप्त हुन सक्नेछ, प्रियतम भटघाट हुनेछ, धार्मिक क्षेत्रबाट लाभ पाइनेछ, स्वास्थ्य राम्रो रहेछ।

वृष : चोटपटकको भय, टाढाको यात्रा असफल हुनेछ जोगिनुहोला, नास्तिक विचारले सताउनेछ, समय खराब रहेको छ।

मिथुन : विरोधीहरू सक्रिय हुनेछन्, अपजस आईलाग्ने, अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ छैन चनाखो रहनुहोला।

कर्कट : आठेजति काम गर्न असफल, अफन्तवाट विरोध आउनेछ, व्यापारमा मन्दी आउने, दिन सामान्य रहेको छ।

सिंह : नयाँ ठाँउमा जाँदा आदरसत्कार पाइने, नयाँ क्षेत्रमा गरेको लगानीबाट मनग्य आम्दानी, दिन अत्यन्त राम्रो छ ।

कन्या : पारिवारिक जमघट बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, गरेको प्रयास सार्थक रहनेछ दिन शुभ छ उपयोग गर्नुहोला।

तुला : आफन्तजनसंग मनमुटाव हुन सक्ला, मन चञ्चल रहने, पेटवा कम्मरको रोग लाग्ने, चिन्ता पर्ने खबर प्राप्त होला।

वृश्चिक : मानसिक पीडा थपिने, मानहानी, आफन्त बाट धोका हुन सक्ने, आम्दानीका श्रोतहरू घट्नेछन् नआतिनु होला।

धनु : सबै क्षेत्रबाट लाभ पाइन सक्ने, आर्थिक समस्याको समाधान हुने, नविन कार्यको थालनी गर्दा राम्रो, दिन शुभ रहेको छ।

मकर : गर्न खोजेको काम विफल शुनेछन, मनमा असान्ति छाउने, स्वास्थ्यमा एक्कासी गडबढी आउन सक्नेछ सर्तक हुनुहोला।

कुम्भ : यश कृर्ति बढ्ने, शतुमार्थि विजय हासिल, घरमा नयाँ मान्छेको आगामन हुनेछ, दिन सुखद् बित्नेछ।

मीन : सरकारी कार्य असफल हुन सक्छ, मुद्रा मामिलामा हात नहाल्नुहोला, इज्जतमा आँच आउन सक्नेछ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

सर्वहारावर्गका लागि एमालेको नवौं महाधिवेशन

हुकुमबहादुर सिंह

हुनत सामान्य अवस्था रहेमा यो लेख पाठकवृन्दहरूको हातमा आइसक्दा नेकपा एमालेको नवौं महाधिवेशनको पनि समापन भइ सक्ने छ। तै पनि एउटा कम्युनिष्ट भएको नातले कुनै पनि घटना वा विषयवस्तुलाई द्वन्दवादी तरिकाले व्याख्या र विश्लेषण गर्न खोज्नु आवश्यक छ। हुनत हामी सबैलाई थाहा छ नेकपा एमालेमा कम्युनिष्टका नाममा हसियां हथौडा भण्डा बाहेक के नै बाँकी थियो र ? अहिलेको नवौं महाधिवेशनमा वितरित केन्द्रीय कमिटिले पास गरेको मस्यौदा दस्तावेज आफैमा भ्रमपूर्ण, गलत र अव्यवहारिक समेत छ भनेर स्वयम् एमालेका नेताले विभिन्न पत्र पत्रिकामा लेख लेखिसकेका छन्। जो आफैमा तर्कसंगत र स्वागतयोग्य छ।

नेकपा एमालेको नवौं महाधिवेशन जति जति नजिकिदै थियो, त्यसभित्र रहदै आएको दक्षिणपन्थी शंसोधनवाद, अराजकतावाद र आत्मसमर्पणवादले त्यति नै टाउको उठाउँदै थियो र अहिले भन त्यसले व्यापकता लिएको छ। उद्घाटन समारोहमा गरिएको तोडफोड, आगजनी आदि एउटा राजनीतिक दलको पार्टी महाधिवेशनका लागि नसुहाउने कुरा थियो, जो एमालेमा विष्फोटन भएर बाहिर आयो । हुन त कुनै राजनीतिक दल जब सिद्धान्त, विचार र कार्यदिशाले निर्दिष्ट हुन असमर्थ हुन्छ, अनि त्यसका नेताहरूले पार्टीको सत्ता कब्जा गर्न त्यही हतियार र कूकर्मको साथ लिन्छन्, जो संसदीय निर्वाचनका लागि उसले उपयोग गर्दछ। एमालेको वर्तमान अवस्थावारे पनि सत्य हो। हुन त एमालेले अपनाएको यस्तो खालको संसदीय तौरतरिकाबाट एउटा कम्युनिष्ट पार्टी सञ्चालन गर्नेमा हौसिएका अन्य कम्युनिष्ट पार्टीहरू पनि छन्। बाबुरामजीको चिन्तनको मलजल पाएर एमाओवादीभित्र यसले बलियो गरी जरा गाडने कोसिस गर्दैछ। नेपाली कम्युनिष्ट आन्दोलनको इतिहास भनेको अहिलेसम्म आखिरमा दक्षिणपन्थले नै जीत हात पारेको इतिहास रहँदै आएको छ। झापा आन्दोलन, मोहनविक्रमको नेतृत्वको चौमा र २०५२ सालपछिको माओवादी विद्रोहआदि सबै यसका उदाहरण भएका छन्। यद्यपि ती सबैमा सघँर्भारि एउटा क्रान्तिकारी धारको अस्तित्व केही समय रहने गरेको छ। त्यो धार पनि क्रमशः विभिन्न बहानामा दक्षिणपन्थी दिशातर्फ नै अगाडि बढेको पाइन्छ। हुनत अहिलेको विश्व कम्युनिष्ट आन्दोलन पनि यसैको शिकार बनेको छ। एमालेले आफूलाई नेपालको नम्बर एक कम्युनिष्ट पार्टी भन्दछ र जनतामा पनि त्यो भ्रम बलियो छ तर त्यसका दस्तावेजहरूले घोर दक्षिणपन्थी दिशा निर्देश गर्दछ। उसले नेपाली क्रान्तिलाई कुन दिशा निर्देश गर्ने कुनै खाका छैन। समग्रमा यो पार्टी नेपालका एनजीओद्वारा निर्देशित छ भन्दा अत्युक्ति हुँदैन। एनजीओको विकासवाद त्यो पनि त्यसमा राजनीति मिसाएर भडुवा विकासवाद नै एमालेको सही कार्यदिशा हो। उसले आफूलाई चिनियाँ मोडलको कम्युनिष्ट भन्ने गरेको पनि छ तर समग्रमा उसको नेतृत्व भारतमुखी हो। घाम जत्तिकै छलंङ्ग छ कि राजनीतिक रूपले एमाले उदार पूँजीवादी बाटोमा गएको पार्टी हो तर अझै उसले आफूलाई कम्युनिष्ट भनिरहेको छ, जो आफैमा विरोधाभाष त छ नै, साथै यो महाधिवेशनमा अझै खुलेर आउन चाहेन किनभने नेपाली जनतमत कम्युनिष्ट पक्षधर छ, जसबाट उसले ट्रेड मार्कका रूपमा कम्युनिष्ट शब्दलाई अझै केही वर्षसम्म उपयोग गर्न चाहन्छ। अहिले नवौं महाधिवेशनमा माधव र केपीवीचमा को अध्यक्ष बन्ने झगडा देखिएको छ। यो केवल देखिने हो तर सारमा ती दुईमा खासै भिन्नता छैन्। संविधानसभा र संविधान, भारतलाई हेर्ने दृष्टिकोण र नेपाली समाजको चरित्रलाई विश्लेषण गर्ने कुरामा ती दुवै एउटै सिक्काका दुई पाटा मात्रै हुन्। फरक केवल प्रस्तुतिमा आएको भिन्नता मात्रै हो। केपी बहिमुखी स्वभावका देखिन्छन् भने माधव अन्तरमुखी। नवौं महाधिवेशन पछि केपी ओली तथा माधव जसले जितेपनि त्यो नेपाली कांग्रेसभन्दा पनि बढता भारतमुखी बन्ने निश्चित छ। हुनत नेपालमा सबै जसो पार्टी नेतृत्वमा भारतमुखी बन्ने एक प्रकारको होडबाजी नै देखिन्छ। एमाले त यसको नेपाली अगुवा नै प्रमाणित भइ सकेको छ।

यदि एमाओवादीले सरकार चलाउँदा जनतालाई राहत दिएको भए, सरकार चलाउँदा सत्ताको दुरूपयोग गरेर भ्रष्टाचारमा आफू र पार्टीलाई चुलुम्म नडुबाएको भए, हजारौ सहीदको रगतको महत्व र बेपत्ता तथा अपांगको सपनालाई नभूलेको भए सायद एमालेको अहिलेको यो अवस्था रहनु पर्ने आवश्यकता नै थिएन। वर्तमानको एमाले एमाओवादी खासगरी यसका नेता प्रचण्ड र बाबुरामको नेपाल र नेपाली जनतालाई क्रान्तिको नाममा दिएको धोकाको परिणाम हो। एमाओवादी नेतृत्व खासगरी यसका नेता प्रचण्ड र बाबुरामले नेपालमा सम्भावित परिवर्तनको ढोकालाई बन्द गरेका छन् र त्यसको परिणाम एमालेजस्ता राजनीतिक दलहरूले नेपाली जनताको चेतनास्तरबाट फाइदा लिएका छन्। एमालेको नवौं महाधिवेशन त्यसैको परिणाम हो। र अझै त्यो प्रक्रिया एमाओवादीमा रोकिएको छैन। जति जति एमाओवादीका नेता प्रचण्ड र बाबुरामको व्यक्तिवादी चिन्तन र व्यवहारमा परिवर्तन हुने छैन र त्यसकै कारण विघटन र विसर्जनको अवस्थातर्फ अग्रसर हुनेछ, त्यति नै एमालेले आफूलाई संगठनात्मक रूपले बलियो बनाउँदै पनि लैजाने निश्चित छ।

एमालेमा अहिले नेतृत्व हस्तान्तरणको विषयले बढता चर्चा पाएको छ र क्रान्तिको भावी दिशावारे एक शब्द पनि बोल्ने फुर्सद र चासो अहिले कसैमा छैन्। तैपनि एमालेभित्रका केही इमान्दार क्रान्तिकारीहरू र मार्क्सवाद लेनिनवादप्रति आश्थावान नेता तथा कार्यकर्ताले नवौं महाधिवेशनमा आफनो क्रान्तिकारी धारलाई जीवीतै राख्ने प्रयास गर्ने छन् भन्ने शुभकामना दिनु अहिले त्यो पार्टी बाहिर रहेका कम्युनिष्टहरूको कर्तव्य रहने छ। आशा गरौं झापा आन्दोलनका सहीदहरूका सपना अझै त्यस पार्टीभित्र पूर्णतः मरि सकेका छैनन्।

साभार : जनधारणा

एमाले अध्यक्ष ओलीको झापादेखि काठमाडौंसम्मको राजनीतिक यात्रा

काठमाडौं ३१ असार ।(रासस)

नवनिर्वाचित अध्यक्ष ओली झापा विद्रोहकालीन नेतामध्ये एमालेमा रहेका शीर्ष नेता हुन्। एमालेमा तेस्रो वरियतामा भएका नेता ओली दोस्रो वरियतामा रहनुभएका नेता माधवकुमार नेपाललाई पराजित गर्दै पहिलो पटक पार्टीको पहिलो पटक पार्टीको प्रमुख नेतृत्वमा पुगेका हुन्। एमालेमा उग्रवादी सिद्धान्तलाई हेर्ने दृष्टिकोणमा कडा मानिनुहुने नेता ओली प्रजातन्त्रको आन्दोलनका क्रममा डेढ दशक लामो जेल जीवन पनि व्यतीत गरेका छन्।

एमालेलाई जबजको मार्गदर्शनका आधारमा समाजको शान्तिपूर्ण रूपान्तरणका पक्षमा निरन्तर क्रियाशील नेता ओलीलाई पार्टीमा सबै पक्ष र विचारका नेतालाई समेटेर लाने चुनौती छ। नवौं महाधिवेशनबाट पारित राजनीतिक दस्तावेजमा उल्लेख भए झैं मुलुकमा राजनीतिक क्रान्ति पूरा भई पारम्भिक पूँजीवाद आइसकेकाले अब सामाजिक आर्थिक समृद्धिका लागि दीर्घकालीन (३५ वर्ष) सपनाका साथ अघि बढ्न ओलीको नेतृत्वको चुनौती छ। तत्कालका लागि एक वर्षभित्र लोकतान्त्रिक संविधान जारी गर्न र सरकारबाट सुशासन र आर्थिक सुधारका कार्यक्रममार्फत जनता लाई गणतन्त्र प्राप्तिको उपलब्धिको

अनुभूति दिलाई आगामी निर्वाचनमा एमालेलाई पहिलो शक्ति बनाउने दायित्व पनि नयाँ नेतृत्वको रहेको छ। पार्टीमा नेतृत्व हस्तान्तरण र एक पद एक व्यक्तिको विषय उठाउँदै आएका नेता ओली एमाले संसदीय दलका नेता पनि छन्।

ओली विजयी भएपछि एमालेका नेता, कार्यकर्ता मात्र होइन अन्य पार्टीले पनि एमालेको नयाँ नेतृत्वप्रति चासो र अपेक्षा बढेको छ। समूहगत आधारमा निर्वाचन भए पनि पदाधिकारीमा दूवै समूहका सात सात जना विजयी हुनाले एमालेका कार्यकर्ताले पार्टीलाई सन्तुलित नेतृत्व प्रणालीमा मतदान गरेको देखिएको छ। ओली एमालेको गत आठौं महाधिवेशनमा निवर्तमान अध्यक्ष झलनाथ खनालसँग पराजित भएका थिए।

त्यसबेला ओलीलाई नेता नेपालले समर्थन गरेका थिए। ओली र नेपालका अतान्तर ४४ मात्र भएकाले एमालेमा कुनै नेताले अर्को नेतालाई कमजोर आँक्न नमिल्ने सन्देश दिएको छ। पंचथरको इबामा सन् १९५२ फेब्रुअरी २२ मा बुबा मोहनप्रसाद र आमा मधुको कोखबाट जन्मिएका ओली पूर्वउप प्रधानमन्त्री तथा गृहमन्त्री हुन्। मदन भण्डारी मेमोरियल फाउन्डेसनका संरक्षक ओली एमालेमा वाकक्दुता भएका नेता मानिन्छन्।

"सबैको लागि मन्टेश्वरी शिक्षा"

हामीले शुरुवात गऱ्यौं सबैको लागि मन्टेश्वरी शिक्षा
अनि दिऔं १०० % सन्तुष्टि र परिवर्तन गऱ्यौं शिक्षण पद्धति।

मन्टेश्वरी पद्धतिमा आधारित टिचर्स ट्रेनिङ्ग

मात्र रु. ४,५०००

तालिम सञ्चालन : २०७१ असार ४ गतेदेखी

यो योजना पहिलो १० जनाको लागि

ख्याति प्राप्त प्रशिक्षक

Janaki Khadka-First Montessori Teacher's Trainer in Paschimanchal

स्टार्स मन्टेश्वरी एकेडेमी
पालिखे चोक, पोखरा
☎ ०६१५२५१३५ • ९८५६०२८९७८
शाखा कार्यालय : मरगपुर-१९, चितवन

चाया, पोतो र डण्डिफोर Bye Bye

चाया, पोतो, डण्डिफोर र मसियालाई एक हप्तामा नै हटाइनुका साथै मोरोपना बढाइने

यहाँ Orginal Korean Cosmetic Product पाइन्छ ।

साथमा मोटोपन घटाउने र बढाउने पनि ।
कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
महिनामा ने १-३ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार ।
अग्याष्ट्रिक उपचार
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धसाँ हटाउने ।
थाहि नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।

Skin Test गरिन्छ ।

डाढ, कम्मर, हात खुट्टाका जोर्निहरूको दुखाइ कम गर्ने

नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।

बिहानी ब्यूटी ट्रेडर्स
चिप्लेढुङ्गा, पोखरा-४, फोन: ९८४६१५४१९८, ०६१-५२४९५४
(मल्ल इम्पोरियमको अगाडि डा कम्प्लेक्स भन्दा दुई घर तल)

घडेरी विक्रीमा

पोखरा-४, रैहापाटबाट तेसांपट्ट निस्कने भित्रि पिच बाटोमा ६६ हात मोहडा र ४२ हात पिछाड भएको घडेरी विक्रीमा छ।
नोट : टुक्रा गरेर पनि विक्री गर्न सकिनेछ ।
सम्पर्क: ९८४६०७६६०० ९८१६१०४३७०

फेल्सी पसल विक्रीमा

पोखराको व्यस्त बजार चिप्लेढुङ्गामा अवस्थित अत्यन्त चालु अवस्थामा रहेको फेन्सी पसल उचित मूल्यमा विक्रीमा छ।
सम्पर्क : ९८५६०३१४१२ ९८०५१६७१८०

तुरुन्त खानेपानी चाहिएमा

मेनेजर: ९८४६२४७०७
अफिस: ०६१ -४६६४७९
ट्याङ्कर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

खानेपानी चाहिएमा

मिनरल वाटर र जार पानी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।
सम्पर्क
भद्रकाली सप्लायर्स
काहुँबोलाचोक, बार्बा-१,
फोन : ०६१-५३९०६० ९८५६०३७६६६

विदेश जानेहरूका लागि सुवर्ण अवसर

अमरसिंहचोक पोखरामा छ ।

फेवा सेक्युरिटी एण्ड कर्कर सर्भिसेज प्रा.लि.

नयाँ र पुराना कम्प्युटरहरू खरिद बिक्री गर्नुपरेमा

के तपाईसंग पुराना कम्प्युटरहरू छन् ?
पुरानो कम्प्युटर र ल्यापटप ल्याउनुहोस र नयाँ लैजानुहोस यसका साथै हामीकहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरू किनबेच गरिन्छ ।
नोट : पोखरा भ्याली भित्र होम सर्भिसको व्यवस्था छ ।

Online Computer Institute

न्यूरोड ५, पोखरा (नगरपालिकाको कार्यालय पछाडि)
सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कन्सर्न

सर्वसुलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की

डिलर: एशियन पेन्ट

नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

सन्ताउन्न वटा सिंचाइ योजना निर्माण

म्याग्दी ३१ असार ।–रासस)

म्याग्दीमा यस वर्ष ५७ वटा सिंचाइ योजना निर्माण भएका छन् । जिल्ला कृषि विकास कार्यालयमार्फत ५२ वटा साना, एउटा सहकारी र चार वटा प्लास्टिक पोखरी सिंचाइ योजना निर्माण गरिएको हो । नयाँ योजनामार्फत १९० हेक्टर क्षेत्रफल जमिनमा सिंचाइ सुविधा विस्तार भएको जिल्ला कृषि विकास कार्यालय म्याग्दीले जनाएको छ ।

साना सिंचाइ कार्यक्रम अन्तर्गत २४ गाविसमा निर्माण भएको योजनाबाट १५० हेक्टर क्षेत्रफलमा सिंचाइ सुविधा विस्तार भई एक हजार २२४ घरधुरी लाभान्वित भएका कार्यालयका प्राविधिक सहायक रमेश खड्काले जानकारी दिए । प्राविधिक सहायक खड्काका अनुसार रु ३५ लाख ६० हजार ४३६ कुल लगानी भएको साना सिंचाइ आयोजनामा सरकारले रु ३० लाख ९६ हजार ३१ अनुदान उपलब्ध गराएको छ । उपभोक्ताले रु चार लाख ६४ हजार ४०४ बराबरको श्रमदान गरेका छन् । दरवाड, कुहुँ, अर्मन, बावियाचौर, ताकम, देविस्थान, बिम, गुर्जा, पाखापानी, मल्कवाड, भगवती, बेगखोला, चिमखोला, घतान, पात्लेखेत, शिख, घार, हिस्तान, ज्यामरुककोट, रल्चौर, पुलाचौर, सिंगा, भकिम्ली र नारचवाड गाविसमा साना सिंचाइ योजना निर्माण गरिएको कार्यालयले जनाएको छ । यसैगरी, सहकारी सिंचाइ कार्यक्रमअन्तर्गत बिम बहुउद्देश्यीय सहकारी संस्थामार्फत बिम-४ मा बेल्सी लुरवाड सिंचाइ आयोजना निर्माण भएको छ । सरकारको रु दुई लाख ९९ हजार ४५२ अनुदान र उपभोक्ताको रु ७४ हजार ८३६ श्रमदानमा निर्माण भएको उक्त योजनाबाट २४ हेक्टर जमिनमा सिंचाइ सुविधा पुगेको छ । यस्तै बरङ्डा-४, पुलाचौर-७, भगवती-२, पात्लेखेत-१ र घतान-४ मा रु दुई लाख ४६ हजार ३४६ को लागतमा सिंचाइ सुविधाका लागि छ वटा प्लास्टिक पोखरी निर्माण गरिएका छन् । प्लास्टिक पोखरीमार्फत १६ हेक्टरमा सिंचाइ सुविधा विस्तार भएको छ भने ११६ घरधुरी किसान लाभान्वित भएका छन् । म्याग्दीमा १३ हजार १८८ हेक्टर क्षेत्रफल खेतीयोग्य जमिन उपयोगमा रहेको छ ।

मनाङको उवा काठमाडौंमा

पोखरा ३१ असार ।(रासस)

नेपाल खाद्य संस्थान गण्डकी अञ्चल कार्यालय पोखराले मनाङमा उत्पादन भएको उवा बिक्रीका लागि काठमाडौंमा पठाएको छ । कार्यालयले पहिलोपटक १० मेट्रिक टन उवा बिक्री गर्न काठमाडौं पठाएको कार्यालय प्रमुख दर्शनकुमार कोइरीले बताएका छन् । अहिले खाद्य संस्थानको गोदामबाट प्रतिकिलो रु ५५ मा उवा बिक्री गरिँदैआएको छ । कार्यालयले गण्डकी र धवलागिरि अञ्चलका दुर्गम जिल्लामा तोकिएको कोटामध्ये शतप्रतिशत नै खाद्यान्न ढुवानी गरिसकेको छ । वर्षायाम अगावै ती जिल्लामा खाद्यान्न ढुवानी गरी स्थानीय जनतालाई खाद्यान्नको अभाव हुन नदिने उद्देश्यअनुरूप कार्यालयले तोकिएको कोटामध्येको खाद्यान्न ढुवानी गरेको हो । यसमध्ये गोरखाको सिर्दीबासमा २०० क्विन्टल र माछाखोला डिपोमा १०० क्विन्टल खाद्यान्न पुगिसकेको छ । त्यस्तै, मुस्ताङमा २१० क्विन्टल र मनाङमा तीन हजार ५०० क्विन्टल खाद्यान्न पठाइ सकिएको छ । कास्की, स्याङ्जा, पर्वत, तनहुँ, लमजुङ र मनाङमा रहेका कारागारहरूले पनि आवश्यक पर्ने खाद्यान्न कार्यालयबाटै लैजाने गरेका छन् ।

एमाओवादी नेता श्रेष्ठको दशौं स्मृतिसभा

गोल्डेन न्यूज संवाददाता
पोखरा ३१ असार ।

एकीकृत नेकपा माओवादी कास्कीद्वारा आयोजित शहीद शान्तकुमार श्रेष्ठको दशौं स्मृतिसभा सोमवार पोखरामा सम्पन्न भएको छ । श्रेष्ठको २०६१ साल असार ३१ गते तनहुँको खैरनीटार दोभानमा पार्टीको काममा जाँदै गर्दा श्रेष्ठको निधन भएको थियो । स्मृति सभामा बोल्दै एकीकृत ने.क.पा. (माओवादी) का केन्द्रीय सदस्य राजकाजी गुरुङले बलिदानीको जगमा गणतन्त्रको स्थापना भएपनि यथार्स्थितिवादी शक्तिहरुका कारण गणतन्त्र धरापमा परेको बताए । 'गणतन्त्र कसैको निगाहाले प्राप्त भएको होइन, शान्तकुमारजस्ता होनाहार योद्धाहरु रगतको बलमा प्राप्त भएको हो ।' अर्को एक प्रसङ्गमा गुरुङले माओवादी आन्दोलनले समकालीन साम्राज्यवादी चुनौतिको सामना गरिरहेको दावी गरे । उनले भने, 'माओवादी राष्ट्रु मात्र नभई अन्तर्राष्ट्रिय आन्दोलन हो, यसका विरुद्धमा सिंगो साम्राज्यवाद लागिराखेको छ ।'

'माओवादी आन्दोलनले धक्का खाएको हो, तर पराजित भएको होइन, नयाँ नीति, कार्यक्रम र योजनासहित माओवादी पुनः जुर्मराएर आउने छ' नेता गुरुङको दावी थियो । कार्यक्रममा एकीकृत माओवादी कास्कीका अध्यक्ष दीपक कोइरालाले शहीदको सपनालाई केन्द्रमा राखेर सोचे मात्र शहीदप्रति सम्मान हुने बताए । विचारमा माओवादी बलियो भएपनि संगठनमा देखिएको अराजकता र विचलनले पार्टीलाई कमजोर बनाएको भन्दै कोइरालाले पार्टी कमजोर बनाउने गतिविधिप्रति सचेत रहन सबैलाई आग्रह गरे ।

सभामा एकीकृत नेपा राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय सदस्य राजकृष्ण श्रेष्ठले नेपालको परिवर्तनमा नेवार समुदायको उल्लेख्य योगदान रहेको बताए । सभामा श्रेष्ठले भने, 'नेपालको परिवर्तनको आन्दोलनमा नेवारहरुको भूमिका निर्णायकजस्तै छ, राणाविरोधी आन्दोलनका चार शहीदहरुमध्ये तीन जना नेवार थिए, २००६ सालमा नेपालमा कम्युनिष्ट पार्टीको स्थापनाको नेतृत्व पनि नेवारहरुले नै गरेका थिए ।' श्रेष्ठले आर्थिक रुपमा नेवारहरु केही सक्षमजस्तो देखिएपनि पृथ्वीनारायण शाहको राज्य विस्तारले नेवारहरुको पहिचानमाथि धावा बोलेको बताए । सभामा २००९ साल चैत्र १५ गते जन्मिएका शान्तकुमार श्रेष्ठको जीवनका सबै पाटापक्ष माथि अतिथिहरुले चर्चा गरेका थिए । कार्यक्रममा श्रेष्ठका जीवन संगिनीहरु वेगम श्रेष्ठ, लक्ष्मी श्रेष्ठ, एमाओवादी कास्कीका पदाधिकारीहरु गंगा पोखरेल, विष्णु पौडेल, धर्म गुरुङ, शहीद विजय ढकाल स्मृति प्रतिष्ठानका अध्यक्ष विश्वप्रकाश लामिछाने लगायतको अतिथ्यता थियो । पुजा श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रमको संचालन दीलिपकुमार श्रेष्ठले गरेका थिए ।

अदालतको अपहेलनासम्बन्धी विधेयक फिर्ता लिन आग्रह

काठमाडौं ३१ असार ।(रासस)

अदालतको अपहेलना सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक विवादास्पद भएकाले फिर्ता लिई सरोकारवालासमेतलाई राखेर छलफल गर्नुपर्नेमा नेपाल पत्रकार महासङ्घले जोड दिएको छ ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्री नरहरि आचार्य लगायत मन्त्रालयका अन्य पदाधिकारी तथा नेपाल पत्रकार महासङ्घका पदाधिकारीबीच मंगलवार भएको छलफलमा महासङ्घले सो कुरामा जोड दिएको हो । सो अवसरमा मन्त्री आचार्यले सदनमा दर्ता भइसकेको सो विधेयक सदनमै छलफल गरी परिमार्जन गर्न सकिने ठाउँ रहेपनि सरकार पनि यस विषयमा प्रष्ट हुनु आवश्यक भएकाले विधेयक परिमार्जनका लागि छलफल अघि बढाइएको जानकारी दिए ।

उनले अभिव्यक्तिगत स्वतन्त्रताका साथै स्वतन्त्र न्यायपालिकाको सम्मान गर्नुपर्ने भएकाले विधेयकमा परिमार्जन गर्नुपर्ने विषयमा अधिकतम् सीमाभित्र रहेर सम्वाद र सहकार्य गर्न आग्रह गरे । मन्त्रालयका सचिव भेषराज शर्माले विगतमा अदालतको अपहेलनामा भएका आदेशसमेत अध्ययन गरेर विधेयक तयार पारिएको उल्लेख गर्दै विधेयकलाई अझ राम्रो बनाउन थपघट समेत गर्न सकिने जानकारी दिए ।

महासङ्घका सभापति डा. महेन्द्र विष्टले स्वस्थ आलोचनाबाटै अदालतप्रतिको जनआस्था र गरिमा बढ्ने भएकाले पत्रकारलाई अदालतसम्म पुग्न पाउने अधिकार सुनिश्चित गर्न सार्वजनिकरूपले आलोचित भइसकेको विधेयक फिर्ता लिएर पुनरावलोकन गर्न सुझाव दिए ।

खेलाले बगाएर मृत्यु

नुवाकोट ३१ असार ।

नुवाकोट मदानपुरकी एक महिलाको स्थानीय खोलाले बगाउँदा ज्यान गएको छ । खेतमा काम गर्न जान लाग्दा मंगलवार अपराह्न गाउँको ढाँडेखोलाको भेलले बगाउँदा मदानपुर-२ की ३५ वर्षीया कृष्णमाया थापा मगरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ । सँगै खोला तरिररहेकी कृष्णमायाा जेठाजु चतुरमान र दुई छोरी भने बच्न सफल भएका छ । चतुरमानको हात भाँचिएको तथा दुई छोरी घाइते भएको छन् ।

पोखरा एफएमद्वारा वर्ल्डकप पुरस्कार वितरण गर्दै

गोल्डेन न्यूज संवाददाता
पोखरा ३१ असार ।

विश्वकप २०१४ सम्बन्धि पोखरा एफ एमले सञ्चालन गरेको विशेष कार्यक्रम वर्ल्डकप इन पोखराको विजयीलाई साउन १ गते एक समारोहका बीच पुरस्कार प्रदान गरिने भएको छ । एफ एमले महिनाभरि सञ्चालन गरेको कार्यक्रममा यो पटकको विश्वकप कसले जिच्छ भन्ने प्रश्नमा सहि अनुमान जर्मनी लेखेर एस एम एस गर्ने श्रोता मध्यबाट गोलाप्रथा गरि विजयी हुने एक जना श्रोतालाई वर्ल्डकप ट्फी, मेडल तथा रु पचास हजार बराबरको ट्याब्लेट नेपाली राष्ट्रिय फुटबल टोलीका स्ट्राइकर अनिल गुरुङ बाट हस्तान्तरण गरिने स्टेशन इन्चार्ज सन्जय मल्लले बताए ।

उक्त अवसरमा कार्यक्रम अवधिभरि सबैभन्दा धेरै एस एम एस गर्ने श्रोतालाई बेस्ट स्कोरर घोषित गरि गोल्डेन बुट, मेडल तथा रु २५ हजार बराबरको स्मार्ट फोन प्रदान गरिने वर्ल्डकप इन पोखराका कार्यक्रम संयोजक आयुष श्रेष्ठले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । त्यसैगरि कार्यक्रममा फोन मार्फत सबैभन्दा बढि सहभागिता जनाउने श्रोतालाई बेस्ट पार्टिसिपेटका रुपमा सिल्भर बुट तथा एउटा लाभा मोबाइल प्रदान गरिने छ ।

एफएमले हरेक दिनका बिजेता श्रोतालाई एक थान जर्सी, रिचार्ज कार्ड, सपिङ्ग भौचर, तथा गिफ्ट हयाम्पर गरि रु २ हजार बराबरको पुरस्कार प्रदान गरेको थियो । साथै हरेका हप्ता लाभाको एक सेट मोबाइल विजयी श्रोतालाई पुरस्कार दिएको थियो ।

लिटिलस्टेपमा नवआगन्तुक विद्यार्थीलाई प्रशिक्षण

पोखरा ३१ असार ।

पोखरा-८, सिमलचौर स्थित लिटिल स्टेप उच्च माध्यमिक विदयालयमा शैक्षिक सत्र २०७१ अन्तर्गत कक्षा ११ का नव आगन्तुक विदयार्थीहरुका लागि स्वागत तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भयो । विदयालयका संस्थापक पाचार्य पम्फा गुरुङको अध्यक्षतामा उक्त कार्यक्रम संचालन भएको थियो । कार्यक्रममा विदयालयका संयोजक विनोद गिरीले स्वागत मन्तव्य दिएका थिए । होटल मेनेजमेन्ट शिक्षक विकाश गुरुङले उच्च शिक्षामा आफ्नो विषयका संम्बन्धमा अभिमुखिकरण दिएका थिए । कार्यक्रममा कक्षा १२ की छात्रा सुश्री दिव्या तायल र नवआगन्तुक विदयार्थीको तर्फबाट दिपा गुरुङले मन्तव्य व्यक्त गरेकी थिइन । कार्यक्रममा विशेष अतिथिको आसनबाट बोल्दै प्रा.डा.केशव कुमार श्रेष्ठले मेहनत र अठोटका साथ काम गर्दा सफल भइने धारणा राखे । कार्यक्रममा बोल्दै प्रमुख अतिथि पि.टि.एच.एम.आई. का प्रमुख डा.दीपकराम सुवेदीले नवआगन्तुक विद्यार्थीहरुलाई सफलताको शुभकामना दिदैं अभिभावकको सपना साकार पार्न विदयालय निरन्तर क्रियाशील रहेको र आगामी दिनमा अझ खारिएर प्रस्तुत हुने बताए । कार्यक्रमकी सभापति तथा विद्यालयकी संस्थापक प्राचार्य पम्फा गुरुङले विद्यार्थीहरुले पालना गर्नुपर्ने आचार संहिताका बारेमा प्रकाश पार्दै अनुशासित भएर अध्ययन गर्न सुझाव दिइन । विद्यालयका संस्थापक शेरबहादुर गुरुङले लगनशिल र मिहेनति भएर अध्ययन गरी हामी सबैको सपना साकार पार्न सुझाव दिए । उनले अभिभावक, शिक्षाविद्, शिक्षक, समाजसेवी सबैको साझा पहलबाट नै विदयालयले उच्च मावि तहमा विज्ञान, कृषि विज्ञान, मेनेजमेन्ट तथा होटल मेनेजमेन्ट विषयका अतिरिक्त स्नातक तहमा बि.एच.एम., र बि.बि.ए.का कार्यक्रमहरु संचालन गर्न सफल भएको धारणा राख्दै सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गरे । कार्यक्रम अगाडि नव आगन्तुक विद्यार्थीहरु लाई फूल, अबिर र खादा लगाएर स्वागत गरिएको थियो भने कार्यक्रममा विभिन्न आकर्षक सांस्कृतिक कार्यक्रमहरु समेत प्रदर्शन गरिएको थियो ।

(निरोज बजगाई/विद्यार्थी पत्रकार)

पोखरा विश्वविद्यालय
मानविकी तथा सामाजिकशास्त्र संकाय
लेखनाथ-१२,कास्की

सूची दर्ता गराउने सम्बन्धी १५ दिने सूचना

प्रथमपटक प्रकाशित मिति : २०७१/३/३२

यस कार्यालयका लागि आर्थिक वर्ष २०७१।०७२ का लागि आवश्यक पर्ने तपशिल बमोजिमका विभिन्न सामान तथा सेवाहरु आपूर्ति गर्न गराउन इच्छुक इजाजत प्राप्त फर्म कम्पनी एवं संस्थानहरुबाट सार्वजनिक खरीद नियमावली २०६४ को नियम १८ मा भएको व्यवस्था अनुसार छुट्टाछुट्टै सूची (Standing List) दर्ताको लागि यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र निवेदन सहित यस कार्यालयमा दरखास्त दर्ता गराउनुहुन यो सूचना प्रकाशित गरिएको छ । उपलब्ध गराउने सेवा एवं कार्यहरुको छुट्टाछुट्टै विवरण उल्लेख गरि फर्मको लेटर प्याडमा ठेगान, सम्पर्क नम्बर र इमेल ठेगाना र सम्बन्धित कार्य गर्न इजाजत प्राप्त कागजातहरु संलग्न गर्नुपर्नेछ ।

तपशिल

आपूर्ति. गर्नुपर्ने सामानहरु र सेवाहरु

१. विभिन्न स्टेशनरी, मसलन्द तथा कार्यालयका सामानहरु आपूर्ति गराउने कार्य ।
२. विभिन्न इलेक्ट्रोनिक उपकरणहरु (कम्प्युटर, फोटोकपि मेशिन, प्रिन्टर, टोनर, इन्टर नेटका सामान, टोनर रिफिल) आपूर्ति तथा मर्मत सम्बन्धी कार्य ।
३. विभिन्न विद्युतीय सामान आपूर्ति तथा मर्मत सम्बन्धी गर्ने गराउने कार्य ।
४. फर्निचर तथा फर्निसिङ्गका विभिन्न सामानहरु आपूर्ति तथा मर्मत गर्ने गराउने कार्य ।
५. पत्रपत्रिका तथा पुस्तक आपूर्ति गर्ने गराउने कार्य ।
६. हलुका सवारी साधन तथा मोटर साइकल आपूर्ति तथा मर्मत गर्ने कार्य ।
७. खाने पानीको धारा मर्मत तथा पल्मविङ्ग सम्बन्धी कार्य ।
८. परामर्श सेवा ।
९. विभिन्न खेलकुदका सामान, उपहारका सामानहरु आपूर्ति गर्ने गराउने सम्बन्धी कार्य ।
१०. छपाइ सम्बन्धी विभिन्न कार्यहरु ।
११. सूचना, विज्ञापन प्रकाशन तथा प्रसारण गर्ने गराउने सम्बन्धी कार्य ।

निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु :

१. फर्म दर्ता प्रमाणपत्रको प्रमाणित छाँयाप्रति ।
२. स्थायी लेखा नम्बर मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित छायाँप्रति ।
३. आर्थिक वर्ष २०६९/७० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित छाँयाप्रति ।

माथि उल्लेखित सामान तथा मर्मत जस्ता विषयका छुट्टाछुट्टै निवेदन दर्ता गराउनुपर्नेछ । रीत नपुगेका र म्याद नाघि आएको निवेदनलाई मान्यता दिइने छैन ।

डीनको कार्यलय
मानविकी तथा सामाजिकशास्त्र संकाय
पोखरा विश्वविद्यालय

Study in Switzerland & Poland

- Intake Sep./Oct.
- No IETS/TOFELS
- Pay After Visa
- Gap uo-to 5 years
- Part time job 20 hour Per Week
- High chance of Visa

Contact
Career Makers Education Pvt.Ltd.
Panthigalli, Chipledhunga, Pokhara-4
Tel: 061-523454, 9846040874

किचन चिम्नी होलसेल मूल्यमा

Omni Brand का Glasshood Kitchan Chimney हरू होलसेल मूल्यमा ।

Omni Brand का Kitchen Hubs, Solar Water, Heater,Gas gueser तथा Water Purifier हरू अत्यन्त सुपथ मूल्यमा खरिद तथा मर्मत गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

पोखराका लागि आधिकारिक विक्रेता
न्यू पायोनियर इन्टरनेशनल, रामीपौवा, पोखरा-११
फोन : ०६१-५२७९१८, मो. : ९८५६०२५३७०

FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA

- यौन पुरुष : लिङ्गको साइज बढाउन, यौन क्षमता बढाउन, नामर्दी, ढिलापन, टेढापन, हटाउन, पूरा राउण्ड रात फकाउन, Herbal Livetra, Hormotex, Maxman.
- महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न गुप्ताङ्ग- Teenager जस्तो कसिली बनाउन चिरा-पेट र स्तनमा हुने सेतो धर्सा हटाउन
- केश झर्न तुरुन्तै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-
- मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
- उचाइ बढाउन Step up (नकटै पैसा फिर्ता)
- तौल बढाउने आयुर्वेदिक अचुक औषधि मात्र १५००/- (महिनामा ७-१० Kg बढाउने)
- थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन
- तौल घटाउने जापनिज deit मात्र २५००।-
- दाढ तथा जोनी दुबाइ ठीक पार्ने सन्धीसुधा, पेनलिक

* तौल घटाउन Slim 24 pro

पोखरा हर्बल होम्स
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

खुशीको खबर ! खुशीको खबर !!

के तपाई कम्प्युटर बिम्रिएर समस्यामा हुनुहुन्छ ? यदि तपाई घर तथा अफिसमै आएर कम्प्युटर मर्मत गर्ने ठाउँको खोजीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।
सेवा दिने स्थानहरु : पोखरा भ्याली, लेखनाथ र तनहुँ
Mycomputersathi.com
- website Design & Development
- Online Radio streaming Service

Mycomputersathi, Buddhachowk, Pokhara-10
Contact: 9746014694, 9804160688, 9846444087
Email : mycomputersath, **Skype :** mycomputersathi
Website : www.mycomputersathi.com

खुशीको खबर ! खुशीको खबर !!

सस्तो, भरपर्दो, छिटो र विश्वासिलो माध्यमबाट देश तथा विदेशमा चिठीपत्र, पार्सल एवं कार्गो पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
साथै बस, जहाज र मनकामना केवलकारको टिकट समेत हामीकहाँ पाइन्छ ।

सम्पर्क
WorldTouch Cargo & Courier Pvt.Ltd.
(सम्पदा कम्प्लेक्स) चिप्लेढुङ्गा, पोखरा, फोन ०६१-५३२५०२, ९८०६७३८३००

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, भुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या: सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग ढिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या: महिनामारी गडबडी, सेतोपानी बग्ने, योनी ढिलाउने, तल्लो पेट दाढ कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चर्यो पोतो, इण्डिफोर, दाग धब्बा, मसिया, कोठी, चाउरिपन हटाई पुरै शरिर गोरो बनाउने ।
(दुल्ही पालो) पारिएको सील खुलाउने साथै मोटो पन्न घटाउने ।
थप उपचार:- ऐनर, सुगर, ज्रण्डिस, पिनास, पाइल्स, दम साँस बाथ, दाढ कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचौक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फि होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२४५४८, मो. ९८४६१३७४१८

हामी सरेका छौं

न्यूरोड, पोखरा (कञ्चन कम्प्युटरको अगाडि)
(पोखरा उप-महानगरपालिकाको उत्तरपट्टि)
फोन : ०६१-५४१९३५, ०६१-२२९८३७

पुरानो प्रिन्टर तथा टोनर काटिंज ल्याउनुहोस्, नयाँ जस्तै बनाएर लैजानुहोस् ।
त्यो पनि सस्तोमा

Gandhi Timilsina
Brother Certified Support Technician
Xerox Authorised Support Technician
Specialist of Dot Matrix & Laser Printers/Multi-functions

अत्याधुनिक मेसिनद्वारा काटिंज सफा गरी प्रेस
ग्यारेन्टीका साथ टोनर रिफिलिङ
Mono/Color (A4/A3)

इलेक्ट्रोनिक्स तथा कम्प्युटरको क्षेत्रमा २० वर्षभन्दा बढी अनुभव प्राप्त दक्ष प्राविधिकद्वारा सञ्चालित
गण्डकी कम्प्युटर्स
... the printer house

पुनरावेदन बारका नयाँ कार्यसमितिको पदस्थापन

गोल्डेन न्यूज संवाददाता
पोखरा ३१ असार ।

पुनरावेदन अदालत बार एशोसिएशन पोखराको २ वर्ष (२०७१/०७३) को लागि नयाँ कार्यसमितिको पदस्थापन एक समारोहका बीच सम्पन्न भएको छ । पुनरावेदन बारको असार १४ गते सम्पन्न निर्वाचनमा कार्यसमितिमा रहने १३ सदस्य बाहेक अन्यको उम्मेदवारी नपरेपछि निर्विरोध भएको पदाधिकारीहरुको लागि मंगलबार पदस्थापना गरिएको हो । नयाँ कार्यसमितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षमा क्रमशः खगेन्द्र राज आचार्य, बलराम तिर्मिल्सिना, इन्द्रप्रसाद बराल, यज्ञप्रसाद अधिकारी र सदस्यहरुमा सुरेन्द्र श्रेष्ठ, हरिप्रसाद पण्डित, धनवहादुर रानाभाट, भुवन पराजुली, शिवप्रसाद गौतम, डिलमाया भुजेल, राजुराज अधिकारी, माधवी पाण्डे, मनहरि अधिकारी गरी १३ सदस्य निर्विरोध चयन भएका थिए ।

नवनिर्वाचित अध्यक्ष र सचिवलाई निवर्तमान अध्यक्ष मुकुन्दव राज आर्याल र सचिव गणेश बहादुर आलेले पुनरावेदन बारको चाबी तथा माइन्यूट हस्तान्तरण गरेका थिए । पदस्थापन समारोहमा प्रमुख अतिथि एवं पुनरावेदन अदालत पोखराका कामु मुख्य न्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठले न्याय छिटो छरितो गर्न र अदालतपति जनविश्वास जगाउन कानुन व्यवसायीको महत्वपूर्ण भूमिका रहने बताउँदै बार र बेञ्चको सम्बन्ध सुमधुर बनाउन नवनिर्वाचित कार्यसमितिलाई बधाई ज्ञापन गरेका थिए । सो अवसरमा पुनरावेदन अदालतका न्यायाधीश प्रभा बास्नेतले कानुन व्यवसायीहरुको प्रसंसा गर्दै कानुन व्यवसायी विना अदालतले मात्र न्याय दिन नसक्ने हुँदा बारको महत्वपूर्ण दायित्व न्याय सम्पादन क्षेत्रमा रहने बताइन् । यसैगरी वरिष्ठ अधिवक्ता तिलक शर्मा आचार्यले बार बेञ्चको दायित्वलाई बुझेर नै सहमतीय बारको अवधारणामा यहाँको बारले काम गर्ने बताए । कास्की जिल्ला अदालतका न्यायाधीश ओमप्रसाद शमीले स्वच्छ न्याय सम्पादनमा बारको महत्वपूर्ण सहयोग हुने उल्लेख गर्दै बार र बेञ्चका समस्या अझ सौहार्दपूर्ण रुपमा छलफल गरी समाधान गर्न बार कार्यसमिति सक्षम हुने बताए । सो अवसरमा शुभकामना मन्तव्य दिंदै पुनरावेदन सरकारी वकिल कार्यालयका न्यायाधिवक्ता नारायण प्रसाद पौडेलले जिम्मेवारीले जो जहाँ रहे भए पनि सबै कानुन व्यवसायी भएकाले बारलाई प्राज्ञिक अभ्यासमा अगाडि बढाउनुपर्ने बताए ।

नेपाल बार एशोसिएशनका केन्द्रीय उपाध्यक्ष अनिता गुरुङ, कोषाध्यक्ष मोहन इम्नाम, कास्की जिल्ला बारका अध्यक्ष पदमपाणि देवकोटा, निवर्तमान अध्यक्ष मुकुन्दराज अर्याल, प्रगतिशील तथा पेशागत कानुन व्यवसायी संगठन कास्कीका अध्यक्ष सुकदेव गौतम, प्रजातान्त्रिक कानुन व्यवसायी समूहका रोहितराज बस्तोला लगायतले बधाई तथा शुभकामना व्यक्त गरेका थिए । कार्यक्रम निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता कृष्ण बहादुर थापाको अध्यक्षता र हरिप्रसाद सुवेदीको संचालनमा सम्पन्न भएको थियो । सो अवसरमा बार भवन निर्माणमा सहयोग गर्ने २ जना सदस्यहरुलाई सम्मान गरिएको थियो ।

'संविधान निर्माणका विषयमा बहस आवश्यक'

सहभागितामूलक संविधान निर्माणमा कानुन व्यवसायीहरुको भूमिका विषयक ३ दिने प्रशिक्षण कार्यक्रम मंगलवार सम्पन्न भएको छ । पश्चिमाञ्चल क्षेत्रका जिल्ला तथा पुनरावेदन बार इकाईहरुमा कार्यरत कानुन व्यवसायीहरुका लागि संचालित उक्त ३ दिने प्रशिक्षणमा पश्चिमाञ्चल क्षेत्रका २५ जना कानुन व्यवसायीहरुको सहभागिता रहेको थियो । नेपाल बार एशोसिएशनको आयोजनामा भएको उक्त तालिममा संविधान निर्माणका सन्दर्भमा देखिएका विवादित विषयहरुमा स्थानीय स्तरबाट बहस चलाई समयमा नै संविधान निर्माण गर्न राजनीतिक दल तथा सभासदहरुलाई उत्प्रेरित गर्ने उद्देश्य रहेको छ । ३ दिने तालिम कार्यक्रममा नेपाल बारका तर्फबाट पश्चिमाञ्चल उपाध्यक्ष अनिता गुरुङ र कोषाध्यक्ष मोहन इमरान, युएनडिपीका वरिष्ठ कानुन अधिकृत मोहन आचार्य, अधिवक्ता कुमार रेग्मी, रामबहादुर थापा, जगन्नाथ ढकाल, माधव बस्नेत तथा ज्ञानेश्वर पराजुलीले सहजीकरण गरेका थिए भने कार्यक्रमलाई सहभागितामूलक संविधान निर्माणका लागि युएनडिपी र एसविसिएनले सहयोग गरेका थिए ।

खेलकूद समाचार

'खेलकूद विकासलाई बजेटले ध्यान दिएन'

गोल्डेन न्यूज संवाददाता
पोखरा ३१ असार ।

सरकारले आइतबार सार्वजनिक गरेको बजेटप्रति पोखरेली खेलकुदकर्मी निराश भएका छन् । खेलकुद क्षेत्रमा जुन रुपमा बजेट बढनुपर्ने थियो, त्यस्तो हुन नसकेको भन्दै बजेटप्रति असन्तुष्टि व्यक्त गरिएको सफल न्यूजले जनाएको छ । खेलकुदमा विगतमा भन्दा बजेट बढनुपर्नेमा डेढ करोड रुपैयाँ घटेको कास्की जिल्ला खेलकुद विकास समितिका अध्यक्ष सुमन देवकोटाले बताए ।

बजेट बारे प्रतिक्रिया दिंदै अध्यक्ष देवकोटाले बजेटले उत्साहित बनाउन नसकेको बताएका हुन् । 'विकास खर्च र सामान्य खर्च हेर्दा डेढ करोड घटेको छ तर क्रिकेटमा छुटयाएको २० करोड रुपैयाँ हेर्दा बढेको देखिन्छ ।' अध्यक्ष देवकोटाले पोखरामा फुटबल प्याराफिट निमा, क्रिकेट पेभेलियन र एथेलेटिक्स ट्रयाक बनाउन योजना प्रस्तुत गरेको भएपनि सम्बोधन नभएको बताए । राष्ट्रिय खेलकुद परिषद् र योजना आयोगबाट पास भएको भएपनि सम्बोधन हुन नसकेको भन्दै पोखराका लागि बजेट उत्साहपद हुन नसकेको बताए ।

'राखेपको आयोजना शाखाले पोखरामा प्याफिट, क्रिकेट पेभेलियन र एथेलेटिक्स ट्रयाक आवश्यक रहेको भन्दै योजना माग गरेको र योजना आयोगबाट समेत पास भएपनि बजेटमा सम्बोधन भएन उनले भने-'क्रिकेट पेभेलिएनका लागि १ करोड, फुटबल प्यारापिटका लागि १० करोड र एथलेटिक्सका लागि एक करोडको बजेट माग गरिएको थियो, तर सम्बोधन भएन ।' गत आर्थिक वर्षमा पोखरामा १७ करोड रुपैयाँ जडेट भौतिक संरचना निर्माणका लागि आएको थियो ।

खेलकुद क्षेत्रलाई हेर्ने सोचमा परिवर्तन आउन नसकेको देखियो एन्फा कास्कीका अध्यक्ष गोपीबहादुर भट्टराईले बताए । 'बजेटमा खेलकुदलाई जुन महत्व दिनुपर्ने हो, त्यस्तो देखिएन, विगतमा जस्तै देखियो ।' अध्यक्ष भट्टराईले राजनीतिक दलहरु बीचको भागवण्डामा बजेट ल्याउँदा खेलकुद क्षेत्रले अपेक्षाकृत बजेट प्राप्त गर्न नसकेको गुनासो गरे ।' खेलकुदलाई हेर्ने दृष्टिकोणमा परिवर्तन नआएसम्म खेलकुदको विकास हुन सक्दैन् तर क्रिकेटका लागि विनियोजन गरेको बीस करोड र आगामी तीन वर्षमा हरेक निर्वाचन क्षेत्रमा एक खेल मैदान निर्माणगर्ने योजना सकारात्मक भएको प्रतिक्रिया दिए ।

फोटो पत्रकार सुदर्शन रनजितले पूर्वाधार विकासका लागि बजेट विनियोजन नभएको बताउँदै क्रिकेटमा रकम विनियोजन स्वागत योग्य भएको बताए । वि.सं. २०४२ सालमा निर्माण भएको पोखरा रगशालामा चार दशकपछि भौतिक संरचना निर्माण गति लिएको बताइएपनि गत वर्ष जति उत्साह देखिएपनि आइतबार सार्वजनिक बजेटले त्यसलाई निरन्तरता दिन नसकेको अनुमान गरिएको छ । गत आर्थिक वर्षमा पोखरामा ६५ लाखको लागतमा बहुउद्देश्यीय कर्भड हल, २२ लाख रुपैयाँमा फुटबल मैदानको संरक्षणका लागि तारजाली लगाउनुका साथै करिब एक करोडको लागतमा आर्चरी ट्रष्ट निर्माण र १२ करोडको लागतमा बहुउद्देश्यीय कर्भड हल निर्माणको काम शुरु भएको छ । सरकारले आइतबार सार्वजनिक गरेको बजेटमा अपेक्षाकृत बजेट विनियोजन भन्दा पनि आलोचना बाट बच्ने उपायका लागि तीन बटा बुँदालाई समावेश गरेको खेल विश्लेषकहरु बताउँछन् । क्रिकेटलाई खेलमा भएको प्रतिलाई ध्यानमा राखेर क्रिकेटलाईमात्र सम्बोधन गरेको छ । काठमाडौको मुलपानीमा रहेको क्रिकेट मैदानमा अन्तर्राष्ट्रियस्तरको प्याराफिट निर्माण र अन्य भौतिक पूर्वाधार निर्माणका लागि २० करोड विनियोजन गरेको छ भने भैरहवा र अन्य सम्भाव्य स्थानमा क्रिकेट मैदान निर्माणको काम सुरु गरिने उल्लेख गरिएपनि बजेट विनियोजन गरिएको छैन । त्यस्तै आगामी तीन वर्षमा प्रत्येक निर्वाचन क्षेत्रमा एक खेल मैदान निर्माण गर्ने योजना अन्तर्गत यस वष ५३ निर्वाचन क्षेत्रमा खेल मैदान निर्माण गर्ने लक्ष्य लिइएको बजेट मार्फत सार्वजनीक गरिएको छ । बजेटमा राष्ट्रिय युवा नीति २०६६ मा उल्लेख भए अनुसार राष्ट्रिय युवा परिषद् गठनका लागि संरचनात्मक कार्य अगाडि बढाइने र युवा विकासका लागि भिजन २०२५ तयार गर र कार्यक्रम संचालन गरिने उल्लेख गरिएको छ ।

क्षेत्रीय जिम्न्याष्टिक्स प्रशिक्षण गोष्ठी शुरु

गोल्डेन न्यूज संवाददाता
पोखरा ३१ असार ।

राष्ट्रिय विद्यालय जिम्न्याष्टिक्स महासंघ, नेपाल जिल्ला कार्य समिति कास्कीको आयोजना पश्चिमाञ्चल क्षेत्रीय स्तरीय जिम्न्याष्टिक्स प्रशिक्षण गोष्ठी मंगलबार देखि शुरु भएको छ । स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद, सबैका लागि जिम्न्याष्टिक्स भन्ने मुल नाराका साथ आयोजना गर्न लागिएको उक्त गोष्ठि साउन ५ गतेसम्म चल्ने छ । गोष्ठिमा निप्योन स्पोर्टस साइन्स युनिभर्सिटी टोकियोका वरिष्ठ प्रशिक्षक विश्व प्रसिद्ध प्रोफेशर टाचु ओ आराकीले प्रशिक्षण दिनेभएका छन् । जिम्न्याष्टिकस फर अल लेबल बन नाम दिएको उक्त गोष्ठिमा पश्चिमाञ्चलाका निजि तथा सामुदायिक विद्यालयका प्रिन्सिपल शिक्षक गरि एक सय जनाको सहभागिता रहेको छ ।

गोष्ठीको उद्घाटन गर्दै राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव युवराज लामाले देश विकासको सुचक नै खेलकुद भएको बताएका छन् । खेलकुदको विकास नभईकन देश विकास असम्भव रहेको उनको भनाई थियो । उनले खेलकुदको विकास गर्न प्रत्येक विद्यालयमा खेलकुदका कार्यक्रम लैजानु पर्ने बताए । कार्यक्रममा पश्चिमाञ्चल क्षेत्रिय शिक्षा निर्देशनालय पोखराका क्षेत्रिय निर्देशक दिव्यकला वजिमय श्रेष्ठले विद्यार्थीहरुको शारीरिक र मानसिक क्षमता अभिवृद्धि गर्न खेलकुद अपरिहार्य भएको बताईन् । राष्ट्रिय विद्यालय जिम्न्याष्टिक्स महासंघ, नेपालका अध्यक्ष सूर्य अधिकारीले विद्यालयमा पढाईको अलवा खेलकुद अनिवार्य भएको बताए । राष्ट्रिय विद्यालय जिम्न्याष्टिक्स महासंघ, नेपाल जिल्ला कार्य समिति कास्कीका अध्यक्ष राजु कायस्थको अध्यक्षतामा सम्पन्न भएको उद्घाटन सत्रको कार्यक्रममा सदस्य हेमन्त अधिकारीले स्वागत र सचिव केशवशरण पौडेलले कार्यक्रम सञ्चालन गरेका थिए ।

सरकारले...

नीति लिएको सन्दर्भमा सरकारले ल्याएका कतिपय कार्यक्रम स्पष्ट नभएको पनि उनले बताए । अति सीमान्तकृत वर्ग र समुदायको स्पष्ट पहिचान र खोजी गरी सुविधा दिनुपर्ने उनको माग छ । "चुहावट रोक्न कानुन चाहियो । तब मात्र गरिबी र बेरोजगारी न्यून हुन्छ देश समृद्ध बन्छ, "पौडेलले भने । एमाओवादीका नेता डा. बाबुराम भट्टराईले सरकारको बजेट प्रतिगामी र यथार्थवादी भएको आरोप लगाउँदै आफ्ना सुझावलाई समावेश नगरिए गम्भीर स्थिति आउने चेतावनी दिए ।

उनले विगतमा आफूले सञ्चालन गरेका युवा स्वरोजगार, राष्ट्रिय गौरवका आयोजना, सार्वजनिक संस्थान बोर्ड, सुदूरपश्चिमाञ्चल विकास आयोग, कर्णाली विकास आयोगजस्ता कार्यक्रम र संरचनाबारे बजेटमा उल्लेख नभएको गुनासो गरे । साना तथा मध्यम पूँजीपतिका लागि यो बजेट नभएको भन्दै नेता भट्टराईले गरिबसँग विश्वेश्वरजस्ता कार्यक्रम ल्याए विपी कोइरालाको अपमान गरिएको तर्क गरे । उनले भने, "यो बजेट सामन्तवादलाई टेवा दिने प्रकारको छ । राष्ट्रिय पूँजीको विकास गर्ने खालको छैन ।" उदारवादी पूँजीवादी अर्थतन्त्रलाई ढाकछोप गर्ने नरम कुरा बजेटमा भएको तर यसले अन्ततः नोकरशाही पृष्ठपोषण गरेको दावी गर्दै उनले भने, "यो बजेट मयूर हो कि भनेर झुक्याउन खोजिएको छ, तर यो वास्तवमा मयूर होइन काग हो ।" नेकपा (एमाले)का नेता भरतमोहन अधिकारीले बजेटमा ऊर्जा सङ्कटलाई तीन वर्षमा समाप्त गर्नेलगायतका प्रतिबद्धता सकारात्मक भएपनि सरकारको नीति कार्यक्रममा समावेश भएका सबै विषयलाई बजेटले समेट्न नसकेको धारणा राखे । अधिकारीले भने,-"युवालाई कृषिमा समावेश गराउने कार्यक्रम आएन । २५ वर्षपछिको भिजनको कुरा गर्नुभन्दा आजको बेरोजगार युवालाई कसरी स्वदेशमा रोजगारीमा लगाउने भन्ने विषय चिन्तनयोग्य हो ।"

नेता अधिकारीले लाखौं युवालाई तत्काल रोजगारी दिन सक्ने कार्यक्रम नआएको बताए । अधिकारीले एउटा ठेलागाडा चलाउने र सामान्य मजदुरी गर्नेलाई बजेटले के दियो भन्ने प्रश्नलाई सम्बोधन गर्न र आएका सुझावलाई समेट्न सुझाव दिए । राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले सत्तारुढ दलकै कुरा सुन्दा अर्थमन्त्रीको निरीहता देखिएको भन्दै गणतन्त्र आएपछि सबै चिज सुधेर आउंछ भन्ने आशा देखाइए पनि त्यो भ्रम मात्र रहेको बजेटले सङ्केत गरेको दावी गरे । बजेट द्वैधचिन्तनयुक्त, भ्रमपूर्ण र सङ्कुचित अवधारणाका साथ आएको आरोप लगाउँदै यसले पाँच प्रतिशत धनी र व्यापारीलाई फाइदा पुऱ्याउने र जनतालाई राहत दिन नसक्ने दावी गर्नुभयो । उहाँले प्रशासन संयन्त्रमा भएका राजनीतीकरण र ट्रेड युनियनलाई रोक्ने हिम्मत सरकारसँग नभएको दावी गर्दै नेपाल बन्दलाई गैरकानुन हो भन्ने कानुन ल्याउन सक्नुहुन्छ भनी अर्थमन्त्रीसँग प्रश्न गरे । यसैबीच अर्थमन्त्री डा. रामशरण महतले सरकारले मुलुकको आर्थिक वृद्धिका लागि समग्र क्षेत्रमा सुधार र औद्योगीकरणको नीतिसहित नयाँ बजेट प्रस्तुत गरेको बताएका छन् ।

व्यवस्थापिका संसदको मंगलबारको बैठकमा आर्थिक वर्ष २०७१/०७२ को राजस्व र व्ययको वार्षिक अनुमानमाथि छलफल प्रारम्भ गरियोस् भन्ने प्रस्तव प्रस्तुत गर्दै मन्त्री महतले विकासको मूल प्रवाहमा सबै निर्वाचन क्षेत्र आउन सकोस् भन्ने आशयका साथ निर्वाचन क्षेत्रलाई बजेटको व्यवस्था गरिएको स्पष्ट गरे ।

उनले दक्षिण एसियामै सामाजिक सुरक्षामा बढी खर्च गर्ने मुलुक (कुल गार्हस्थ्य उत्पादनको तीन प्रतिशत) भएकाले यसलाई दुरूपयोग हुन नदिन विशेष ध्यान दिइएको बताए । आरक्षण र सुविधामा मात्रै ध्यान दिनुभन्दा पनि शिक्षामा जोड दिने कार्यक्रम ल्याइएको उनले बताए । प्रवेशिकामा ६० प्रतिशतभन्दा माथि अङ्क ल्याई उत्तीर्ण हुने दलित विद्यार्थीलाई विशेष भत्ताको व्यवस्था गरिने उनले बताए ।

उनले युवालाई गाउँमै भविष्य छ, नेपालमै हरेक प्रकारका उत्पादन हुन सक्छ भन्ने आशा जगाई उत्पादन, उद्योग र आर्थिक गतिप्रति मानिसमा जोंगर सिर्जना गर्ने वातावरणका लागि सबै एक भई शान्ति सुरक्षा (बन्द हडतालरहित) कायम गरेर विकासका कार्यमा अघि बढ्न आह्वान गरे । उनले कृषकलाई आधुनिक उपकरण र सरल ब्याज (छ प्रतिशत) उपलब्ध भएमा कृषि क्षेत्रमा सुधार आउने, आगामी तीन वर्षभित्र ऊर्जा सङ्कट हटने, घर घरमा उत्पादित सोलार बत्ती नेपाल विद्युत् प्राधिकरणलाई बिक्री गर्न सक्ने अवस्था ल्याउनेतर्फ पनि [illegible]

परीक्षाफल प्रकाशित

काठमाडौं ३१ असार ।

त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय बल्खुद्वारा २०७० भदौ/असोजमा सञ्चालित व्यवस्थापन सङ्कायतर्फ स्नातक तह बिबिएस प्रथम वर्षको (मौका परीक्षासमेत) परीक्षाको परीक्षाफल मंगलवार प्रकाशन गरिएको छ ।

त्रिवि सङ्गठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम २०५० को परिच्छेद ६६ को २६०, २६८ र २७० अनुसार परीक्षाको मर्यादाविपरीत कार्य गर्ने २७ परीक्षार्थीलाई २०७१ सालसम्म दुई वर्षका लागि र तीन जनालाई २०७३ सालसम्म चार वर्षका लागि त्रिविबाट सञ्चालन हुने कुनै पनि परीक्षामा सम्मिलित हुन नपाउने गरी निष्काशन गरिएको परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ ।

सि.एम.ए. तथा हेल्थ ल्याब असिस्टेण्ट कोर्षमा भर्ना खुल्यो

शैक्षिक सत्र २०७१।०७२ का लागि यस पोखरा प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र रानीपौवा, पोखरा सि.एम.ए. तथा हेल्थ ल्याब असिस्टेण्ट १५ महिने कार्यक्रमा भर्ना खुल्यो। इच्छुक एस.एल.सी. उत्तीर्ण विद्यार्थीहरुले समयमै सम्पर्क राख्नुहोला। सिट सिमित छ।

प्रवेश परीक्षा : २०७१ श्रावण १७ गते शनिबार बिहान ८:०० बजे

सम्पर्क ठेगाना : पोखरा प्राविधिक तालिम तथा अनुसन्धान केन्द्र रानीपौवा, पोखरा फोन नं. ०६१-५२७९३०

नोट : पूरक एस.एल.सी. का विद्यार्थीहरुले पनि फारम भर्न सक्नेछन्।
(५% पूर्ण छात्रवृत्तिको व्यवस्था)

मुटुरोगीहरूलाई खुशीको खबर

शहीद गंगालाल हृदयरोग केन्द्र काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. मुरारी दुङ्गाद्वारा उच्च रक्तचाप, मुटु हल्लिने, स्वाँ स्वाँ हुने, छाती दुख्ने, भारी हुने एन्जियोग्राम गरेको बिरामीहरू र एन्जियो प्लास्ट गरेका बिरामीहरूलाई लाभ लिनुहून अनुरोध गरिन्छ । साथै, ECG र ECO को पनि व्यवस्था छ । नयाँ तथा पुराना रोगीहरूले आफ्नो पुरानो सम्पूर्ण रिपोर्टसहित आउनुहोला ।

स्थान: अस्मानी फार्मेसी
(पुराणो चरक हस्पिटल अहिलेको गण्डकी मेडिकल कलेजको Opposite पश्चिमाञ्चल डेण्टल हस्पिटलसँगै)
मिति : २०७१ साउन ३ गते, शनिबार
समय : बिहान ८:०० बजेदेखि बेलुका ३:०० बजेसम्म
सिट सीमित भएकोले तु-सम्पर्क गर्नुहोला ।
सम्पर्क:
०६१-५३४७४९, ९८४६०७७४४८, ९८५६०३७४४९, ९८५६०३११९७

पार्टेशन विक्रीमा

विभिन्न संघसंस्था या व्यवसायिक प्रतिष्ठानको कार्यालयको सजावटका लागि आवश्यक सिसाजडित काठको फ्रेमसहितको पार्टेशन सुपथ मूल्यमा विक्रीमा छ । आकर्षक कार्यालय बनाउन चाहने र पार्टेशन आवश्यक पर्ने व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला । साथै अन्य केही फर्निचर समेत उपलब्ध छन् ।

सम्पर्क : ९८५६०३४५०५

के तपाईमा यौनसम्बन्धी समस्या छ ???

पुरुषमा देखिने
शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।

महिलाहरूमा देखिने
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुबी, सेतो दुबी, साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरुषमा हुने बाँझोपना नि:सन्तानको सफल उपचार

बाँच्ने समय : प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान
माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक
नयाँबजार, पोखरा (पुराणो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९९४८, ९८४६०४१९३१, ९८०४१७२५३१

गुद्दारका बिरामीहरूलाई खुशीको खबर !

यहि २०७१ श्रावण २ र ३ गते डा. हरि शरण अर्याल बरिष्ठ गुद्दार तथा क्षारसूत्र विज्ञ आरोग्यधाम हस्पिटलमा काठमाडौंबाट आउनुहुने भएकोले पायल्स तथा गुद्दारका कुनै पनि नयाँ तथा पुराना समस्या भएका बिरामीहरुले सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

परिक्षण गरिने समस्याहरू :
- दिशा गर्न गाह्रो हुने, दिशा गर्दा रगत आउने, दिशा राम्रोसँग नखुल्ने, गुद्दार दुख्ने, चोल्ने, चिलाउने ।
- गुद्दारमा मासु फलाएको, फाटेको, पिप आउने, घाउ पिलो भए जस्तो हुने, दिशा गर्दा मासु बाहिर आउने ।
- गुद्दार चिलाउने, पोल्ने, दिशा गरिसकेपछि दुख्ने ।
- पायल्स, फिस्टुला, फिसरको अप्रेशन पछि पनि समस्या हुने ।
- गुद्दारमा बढेको मासु पुन नदोहोरिने गरी बिना अप्रेशन निकाल्ने व्यवस्था ।

नोट : उपचार पछि लक्षण मासु सान राखिने तथा पुन बढ्ने नदोहोरिने किसिमबाट उपचार गरिन्छ ।

बिरामी जाँच्ने मिति : २०७१ श्रावण २ र ३ गते
समय बिहान : बिहान ८:०० बजेबाट बेलुका ६:०० बजेसम्म

गुद्दारका मासु बढ्नुका बिरामीको उपचारपछि उपचार लेख / बिरामी बिरामीको परिक्षण तथा उपचार हुने भएकोले अग्रिम सम्पर्क राख्नुहोला ।

आरोग्यधाम होमियोपाथिक हस्पिटल प्रा.लि.
पोखरा-१० (इन्द्रचोक रंगशाला नजिकै)
फोन नं. ०६१-४३२२४२, ४३०२४२, ९८५६०२६७५०

काठमाडौंका डाक्टर स्पार्क हस्पिटलमा

स्पार्क अस्पताल, काठमाडौंका दुखाइ भए पछि प्याराइलिसिस विशेषज्ञ यूके तथा अमेरिकामा काम गरि अनुभव संगाल्नु भएका बरिष्ठ डा.सुनिल पौडेल प्रत्येक महिनाको पहिलो शनिबार र यसपटक साउन ३ गते यसै हस्पिटलमा आउनुहुने भएकाले समयमै सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

उपचार हुने रोगहरू : प्याराइलाइसिस, मुख बाङ्गिने, शरीरको ए वा दुवै भाग नचल्ने, हात खुट्टा झमझमाउने, पोल्ने, नशा तथा हड्डिका समस्याहरू । ढाड, कम्मर तथा गर्दन दुख्ने। डिस्क प्रोल्याप्स, हड्डि खिइएको, नशा च्यापिएको, वाथ, अर्थराइटिस, घुँडाका जोर्नीहरू दुख्ने, युरिक एसिड बढेको, टाउको दुख्ने, तनाव, अनिद्रा, पिनाश, पायल्स, अप्रेशन पछि गरिने फिजियोथेरापि ।

स्पार्क बि. एण्ड डि. हस्पिटल
सभागृहचोक, पोखरा-सभागृहको ठीक अगाडि (नबिल बैंक पछाडि)
फोन : ०६१-५२१४०८, ९८४६०३४३८४
स्वास्थ्य मन्त्रालयबाट स्वीकृति प्राप्त पोखराको प्रथम र एकमात्र प्राकृतिक चिकित्सा, फिजियोथेरापि तथा रिह्याबिलिटेशन अस्पताल

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा